१०८ औं

आज मिति २०७७ साल माघ १९ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

- श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
- श्री रेणु आचार्य, नगर उप प्रमुख
- श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
- श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
- श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
- श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
- श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
- श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
- श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
- श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
- श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९
- श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
- श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
- श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
- श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
- श्री रमना परियार, कार्यपालिका सदस्य
- श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
- श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
- श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
- श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
- श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
- श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
- श्री विष्णु खत्री, कार्यपालिका सदस्य
- श्री जगत बहादुर बस्नेत, सदस्य सचिव

सहयोगीहरु

- श्री रेशम बहादुर पुन वडा नं. ४ अध्यक्ष सहयोगी
- राजेश कुमार बुढा (योजना) (शाखा प्रमुख)
- रवीन्द्र न्यौपाने ... (कार्यालय सचिव)
- लक्ष्मन वि.क. एम आई एस अपरेटर
- वीर बहादुर चुनारा कार्यालय सहयोगी

Shagun

Scanned with CamScanner

प्रस्ताव नं. १ : बस्तीको तहगत क्षेत्र तोक्ने सम्बन्धमा ।

निर्णय नं. १ : यस नगरपालिकामा भूमि सम्बन्धी समस्या समाधान कार्यको निर्देशिकामा तपसिल बमोजिमका क्षेत्रलाई ग्रामीण, शहरोन्मुख र शहरी क्षेत्र भनेर वर्गीकरण गर्ने निर्णय गरियो ।

| क.स. | वडा नं. | शहरी क्षेत्र | शहरोन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|---|
| १ | १२ | | पश्चिममा इलाका वन कार्यालय, उत्तर पूर्वमा इलाका प्रहरी कार्यालय, दक्षिणमा छिन्‌ खोला पुल र बजार क्षेत्रमा मुख्य सडकदेखि १०० मिटर | अन्य बाँकी ग्रामीण क्षेत्र |
| २ | ११ | | रामघाट प्रहरी चौकीदेखि सेवा केन्द्र सम्म सडकको दायाँबायाँ ५० मिटरसम्म, रामघाट प्रहरी चौकीदेखि पश्चिम थोत्नेखोलासम्म सडकको दायाँबायाँ ५० मि.<br>शिखर मा.वि. देखि भेरी पुल जाने तल्लो सडकको ११ र १३ को खहरेखोला सिमाना सडकको दायाँबायाँ ५० मि. शिखर मा.वि. देखि साँदखोला चौडाहा चोक सडकको दायाँबायाँ ५० मिटर, शिखर मा.वि. देखि ठूलो साल पानी ट्यांकी सडको दायाँबायाँ ५० मि. | अन्य बाँकी ग्रामीण क्षेत्र |
| ३ | १० | | उत्तरमा १२ र १० को सिमाना दुर्गा मन्दिर, दक्षिणमा पुरानो माछापुच्छ्रे होटल र जय बहादुर बली खेत बाटो र रत्न राजमार्गको दाँयाबाँया १०० मिटर | अन्य बाँकी ग्रामीण क्षेत्र |
| ४ | १३ | | | ग्रामीण क्षेत्र |
| ५ | ९ | | उत्तरमा नेरामाथि सानोजाखी देखि नन्दराम आचार्यको घरसम्म र जहरे खाबटी कुलो देखि जरसिंह आग्रीको घरसम्म, पश्चिममा पिपल चौतारासम्म, दक्षिणमा जहरे बजारदेखि गोलपार्क चोक, जहरे भिंगनी सडकको ० पोइन्ट पिपल चौतारा आधारभूत स्वास्थ्य केन्द्र हालको क्षेत्र दाँयाबाँया १०० मि., पुर्वमा बोहराटोल सडक क्षेत्र | अन्य बाँकी ग्रामीण क्षेत्र |
| ६ | ८ | | | ग्रामीण क्षेत्र |
| ७ | ७ | | | ग्रामीण क्षेत्र |
| ८ | ६ | | | ग्रामीण क्षेत्र |
| ९ | ५ | | | ग्रामीण क्षेत्र |
| १० | ४ | | | ग्रामीण क्षेत्र |
| ११ | ३ | | | ग्रामीण क्षेत्र |
| १२ | २ | | | ग्रामीण क्षेत्र |
| १३ | १ | | | ग्रामीण क्षेत्र |

प्रस्ताव नं. २ : प्रचारप्रसार गर्ने सम्बन्धमा ।

निर्णय नं. २ : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान तथा लगत संकलन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न नगरपालिकाभर माइकिङ गर्ने, विभिन्न पर्चा, पम्प्लेट तथा संचार माध्यमको प्रयोग गरी प्रचारप्रसार कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : निवेदन दिने सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नको लागि सम्बन्धित वडा कार्यालयको तजविज अनुसार निवेदन दिन व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : आयोगलाई अमिन र सर्भेक्षक उपलब्ध गराउन पत्र लेख्ने सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नको लागि यस नगरपालिकामा सर्भेक्षक र अमिन जनशक्तीको अभाव हुने देखिएकोले त्यसको पूर्तिको लागि भूमि सम्वन्धी समाधान आयोगलाई सर्भेक्षक र अमिन उपलब्ध गराइदिनको लागि अनुरोध पत्र पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : वडास्तरीय सहजीकरण समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन देहायबमोजिमको वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

क) वडा अध्यक्ष — अध्यक्ष

ख) वडा सदस्यहरु — सदस्य

ग) सम्बन्धित वडा अध्यक्षको सिफारिसमा सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघसंस्था वा नागरिक समाजका कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि — सदस्य

घ) वडा सचिव — सदस्य सचिव

**प्रस्ताव नं. ६ : भर्ना गरिएका कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय नं. ६ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नको लागि नयाँ भर्ना गरिएको कर्मचारीलाई मासिक तलब प्रचलित नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : अन्य कर्मचारी परिचालन र सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नका लागि हाल भर्ना गरिएका कर्मचारी बाहेकका भूमि सम्बन्धी काममा यस नगरपालिकाका र वडाका कर्मचारीहरुलाई परिचालन गर्ने र सो काममा संलग्न वडा नं. १, २, ३ र ५ मा खटिने कर्मचारीलाई मासिक तलब स्केलको २५ प्रतिशत भत्ता रकम र अन्य वडामा खटिएका कर्मचारीलाई मासिक तलब स्केलको २० प्रतिशत भत्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : कर्मचारी परिचयपत्र सम्बन्धमा ।**

**निर्णय नं. ८ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन लगायत कार्य गर्न फिल्डमा खटिने कर्मचारीलाई कर्मचारी परिचयपत्रको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : बजेट व्यवस्था सम्बन्धमा ।**

**निर्णय नं. ९ :** यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन लगायत कार्य संचालनको लागि वडामा स्टेशनरी, चिया खाजा लगायतको खर्च कार्यक्रम अवधिभर वडाबाट १५,०००। दरले बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

Shagun

Scanned with CamScanner

**प्रस्ताव नं. १० : लगत संकलन इकाईको बजेट व्यवस्था सम्बन्धमा ।**

**निर्णय नं. १०** : यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन लगायत कार्य संचालनको लागि यस नगरपालिकामा स्थापना गरिने लगत संकलन इकाईको लागि आवश्यक पर्ने ब्यानर, स्टेशनरी, टेबुल, कुर्सी, कम्प्युटर, प्रचारप्रसार लगायत सामग्री तथा उपकरण आदिको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : जग्गा नाममा बनाउने सम्बन्धमा ।**

**निर्णय नं. ११** : यस नगरपालिकको प्रशासनिक भवन र १५ शैयाको अस्पताल निर्माण गर्न हाल नगरपालिका भवन रहेको जग्गा भेरीगंगा न.पा. १२, नगरपालिकाको नाममा ल्याउन आवश्यक प्रक्रिया र सहयोगको लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. १२** : कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको क्रममा वडा नं. ०५ मा राहत वितरण तथा अन्य खर्च भएको तपसिलको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल :

क) बबई हेल्थ डेक्समा अस्थायी चेक पोस्टमा इन्टरनेट जडान रु. १४,४००।

ख) राहत सामग्री ढुवानी गरेवापत गोविन्द भण्डारीलाई रु. ९,२००।

ग) राहत सामग्री ढुवानी गरेवापत गोपाल सुनारलाई रु. ६,०००।

घ) राहत बाड्दा खाना नास्ता वापत दिपा सुनारलाई रु. १२,७५०।

ङ) राहत अन्लोड गरेवापत लोकेन्द्र वलीलाई रु. ३,०००।

Scanned with CamScanner